बिर्तामोड नगरपालिका

बिर्तामोड, झापा, कोशी प्रदेश

# बिर्तामोड नगरपालिकाको राजपत्र

**०९ महिना २५ गते २०७९ साल** **संख्या ०२**

**भाग -२**

## व्यवसायिक बाखा प्रबर्द्धन कार्यविधि २०७९

प्रमाणिकरण मिति २०७९/०९/२५

## १. पृष्ठभूमि प्रस्तावना

नेपालमा बाख्रापालन पेशा एक लोकप्रिय पेशाको रुपमा हेरिन्छ । यो व्यवसाय विविध भौगोलिक क्षेत्रमा सञ्चालन गर्न सकिने भएको, सानो लगानीबाट पनि सञ्चालन गर्न सकिने, बजारको समस्या नभएको, कृषक घरपरिवारबाट नै सञ्चालन गर्न सकिने भएको हुँदा स्वरोजगारी सिर्जना गरि युवा जनशक्तिको विदेश पलायनलाई निरुत्साहित गर्न तथा मासु उत्पादनमा नगरलाई आत्मनिर्भर हुन, मासुको आयातलाई प्रतिस्थापन गर्न व्यवसायिक बाखा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नका लागि यो कार्यविधि तयार गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

क. यो कार्यविधिको नाम विर्तामोड नगरपालिका व्यवसायिक बाखा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ रहेको छ ।

ख. यो कार्यविधि विधान समितिबाट स्वीकृति पश्चात (तत्काल) प्रारम्भ हुनेछ ।

२. **परिभाषा** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क. कार्यविधि भन्नाले व्यवसायिक बाखा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७९ सम्झनु पर्दछ ।

ख. कार्यक्रम भन्नाले सामुदायिक बाखा प्रवर्द्धन कार्यक्रम सम्झनु पर्छ ।

ग. फर्म भन्नाले बाख्राको फर्मलाई सम्झनु पर्दछ ।

घ. समूह/समिति भन्नाले स्थानीय तहमा कानुन वमोजिम दर्ता/सूचीकृत भएको पशुपालक समूह /समितिहरुलाई सम्झनु पर्दछ ।

ङ. कृषक भन्नाले विर्तामोड नगरपालिकाभित्र बसोवास गरी बाखा प्रवर्द्धन कार्यक्रममा आवद्ध बाख्रापालक कृषक सम्झनु पर्छ ।

च. कार्यदल तथा प्राविधिक समिति भन्नाले व्यवसायिक बाखा प्रवर्द्धन कार्यक्रमका लागि क्षेत्र छनौट, अनुगमन तथा मूल्याङ्कन गर्न नगरपालिकाको प्रतिनिधित्व हुने गरी गठन भएको कार्यदल सम्झनु पर्दछ । यस कार्यदल अन्तरगत देहायका पदाधिकारी सदस्यहरु रहनेछन् :

अ. संयोजक : नगर उपप्रमुख

आ. सदस्य : प्रमुख प्रशासकिय अधिकृत

इ. सदस्य : आर्थिक विकास समिति संयोजक

ई. सदस्य : सम्बन्धित वडाको वडाध्यक्ष

उ. सदस्य सचिव : पशुपंक्षी तथा मत्स्य विकास शाखा प्रमुख

छ. शाखा भन्नाले कार्यक्रम सञ्चालित सम्बन्धित पशुपंक्षी तथा मत्स्य विकास शाखा सम्झनु पर्दछ ।

ज. नगरपालिका भन्नाले बिर्तामोड नगरपालिकालाई सम्झनु पर्दछ ।

## ३. उद्देश्य

क. नेपालको भौगोलिक क्षेत्र तथा हावापानी सुहाउँदो स्थानीय तथा वर्णशंकर बाखाको नश्ल सुधार गरी उन्नत बाखा तथा बोकाको वृद्धि विकास गर्नु ।

ख. बाखापालनको व्यवसायीकरणबाट उत्पादन र उत्पादकत्व अभिवृद्धि तथा खाद्य सुरक्षा प्रवर्द्धनमा योगदान गर्नु ।

ग. स्वरोजगारी सिर्जना गरी युवाहरुको विदेश पलायनलाई रोक्नु ।

घ. स्वच्छ, स्वस्थ्य एवं गुणस्तरीय पशुजन्य पदार्थको उत्पादन, प्रशोधन विविधिकरण र बिक्री वितरण तथा उपलब्धता सुनिश्चित गर्नमा सघाउ पुऱ्याउनु ।

ङ. बाखा/खसी/बोकाको मासुमा आत्मनिर्भर हुँदै निर्यात प्रवर्द्धनमा टेवा पुऱ्याउनु ।

## ४. कार्यनीति

- कार्यक्रम सञ्चालनका लागि बिर्तामोड नगरपालिका भित्रका वडाहरु छनौट गरी कार्य सञ्चालन गरिनेछ ।
- यस अन्तरगत निजी बाखापालक फर्म/कृषक समूह/समिति/सहकारी संस्था मार्फत कार्य सञ्चालन गर्न सकिनेछ ।
- बाखाको उत्पादन मापदण्डको अभिलेखीकरण, विश्लेषण र छनौट प्रकृयाको अवलम्बनबाट माउ तथा पाठापाठीको नश्ल सुधार गर्दै लगिनेछ ।
- व्यवसायिक बाखापालनका लागि चाहिने व्यवस्थित खोर, नश्ल सुधार, आहार व्यवस्थापन स्वास्थ्य, बजार व्यवस्थापन, कृषकको क्षमता अभिवृद्धि

पकेट प्याकेज कार्यक्रम उपलब्ध गराई बाख्रापालन व्यवसायको अभिवृद्धि गर्दै लगिनेछ ।

➢ मासिक तथा वार्षिक प्रगति प्रतिवेदन अनिवार्य रुपमा विर्तामोड नगरपालिकाको पशुपंक्षी तथा मत्य विकास शाखामा पठाउनु पर्दछ ।

## ५. कार्यक्रम सञ्चालन अवधि

यो कार्यक्रम सञ्चालनको अवधि २ वर्षको हुनेछ ।

## ६. लक्षित वर्ग

सकृय मानव संसाधनको रुपमा रहेका १८ देखि ५० वर्ष उमेर समूहका बाख्रापालनमा संलग्न वा यो व्यवसाय शुरु गर्न चाहने निजी फर्म/समूह/समिति/सहकारीमा आवद्ध कृषक समूहहरु लक्षित वर्ग हुनेछन् ।

## ७. व्यवसायिक बाख्रा फर्मको वर्गीकरण

क. **निजी व्यवसायिक बाख्रापालन फर्म :** न्यूनतम २० वटा प्रजननयोग्य माउ बाख्रा पालिरहेको वा सो संख्यामा व्यवसाय शुरु गर्ने फर्मलाई निजी व्यवसायिक बाख्रा फर्म मानिनेछ ।

ख. **समूह/समितिमा सञ्चालन हुने व्यवसायिक बाख्रा फर्म :** प्रत्येक कृषक सदस्यसँग ५ वटा प्रजननयोग्य माउ बाख्रा भएको वा सो संख्यामा बाख्रापालन गरी व्यवसाय शुरु गर्ने समुह/समिति अन्तरगतका फर्महरुलाई समूह/समितिमा सञ्चालन हुने व्यवसायिक फर्म मानिनेछ ।

ग. **सहकारीमा सञ्चालन हुने व्यवसायिक बाख्रा पालन फर्म :** कम्तीमा २५ जना सदस्य रहेको सहकारी संस्थाका प्रत्येक सदस्यसँग औसातमा ५ प्रजननयोग्य माउ बाख्रा भएको वा सो संख्यामा बाख्रापालन व्यवसाय शुरु गर्ने फर्महरुलाई सहकारीमा सञ्चालन हुने व्यवसायिक फर्म मानिनेछ ।

## ८. अनुदान रकमको उपयोग

- प्रस्तावकर्ताले कम्तीमा अनुदान रकम बराबरको लगानी गर्नु पर्नेछ ।
- यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले बाख्राको खोर निर्माण, सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ्ग (बार) डिपिङ्ग ट्याङ्क निर्माण, घाँस विकास तथा नर्सरी स्थापना, प्रजनन बोका खरिद तथा

ढुवानीमा उपयोग गर्न सक्नेछन् । यो रकमबाट बाखाको दाना, औषधी खरीद जस्ता कार्यमा खर्च गर्न पाइने छैन ।

## ९. कार्यक्रम सञ्चालन प्रकृया

१. स्थानीय तहले कार्यक्रम सञ्चालनका लागि प्रचलित कानुनमा उल्लेख भए बमोजिम म्याद दिई अनुसुची १ बमोजिमको सूचना उपयुक्त सञ्चार माध्यमबाट आह्वान गर्नेछ ।

२. कृषक/समूह/समिति/सहकारी/निजी संस्थाले अनुसूची २ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

३. प्रस्ताव मूल्यांकन : पेश हुन आएका प्रस्तावहरुलाई प्राथमिकता र सम्भाव्यताका आधारमा विर्तामोड नगरपालिकाद्वारा गठित कार्यदल वा मूल्याङ्कन समितिको मूल्याङ्कन प्रतिवेदनको आधारमा प्रस्तावहरुको अनुसूची ४ बमोजिम मूल्याङ्कन गरिनेछ ।

४. छनौट भएका व्यवयायीहरुसँग अनुसूची ५ बमोजिमको द्विपक्षीय सम्झौता गरिनेछ ।

५. छनौट भएका निजी फार्म/समूह/समिति/सहकारीले अनुसूची -६ बमोजिम प्रगति विवरण पठाउनु पर्नेछ ।

६. छनौट भएका व्यवसायीलाई २ बराबर किश्तामा रकम उपलब्ध गराइनेछ । पहिलो किश्ता कार्ययोजना अनुसारको ५० प्रतिशत कार्य सम्पन्न भएपछि र दोस्रो किश स्थलगत प्राविधिकको अनुगमन प्रतिवेदन र कार्य सम्पन्न भएको सम्बन्धित वडा कार्यालयको सिफारिसको प्राप्त पत्रको आधारमा सम्बन्धित व्यवसायीको खातामा अनुदान रकम उपलब्ध गराइनेछ ।

## १०. कार्यक्रम कार्यान्वयनका लागि नर्म्स

क. तालिम, गोष्ठी, भ्रमण, अनुगमन र प्रशासनिक कार्यमा विनियोजित बजेटको बढीमा १५% मात्र खर्च गर्नु पर्नेछ ।

ख. कार्यक्रममा आवद्ध कृषकहरुले पशुको बीमा अनिवार्य गर्नु पर्नेछ ।

ग. कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित शाखाले तोकिएको ढाँचामा अनिवार्य प्रतिवेदन पेश गर्नु पर्नेछ ।

अनुसूची १

**स्थानीय तहले/सम्बन्धित शाखाले प्रकाशन गर्नुपर्ने सूचनाको फर्मेट (नमुना)**

विर्तामोड नगरपालिका

पशुपंक्षी तथा मत्स्य विकास शाखा

बाखा प्रवर्द्धन कार्यक्रमका सञ्चालन सम्बन्धी सूचना

**विर्तामोड नगरपालिका, झापा**

प्रथम पटक प्रकाशित मिति : २०७९।......।........

आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बाखा प्रर्बद्धन कार्यक्रम सञ्चालन गर्नका लागि विर्तामोड नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने इच्छुक बाखापालक कृषक/व्यवसायी समूह/समिति/सहकारीबाट निम्नानुसार प्रस्ताव मिति ................ भित्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. अनुसूची २ बमोजिमको आवेदन फाराम

२. अनुसूची ३ बमोजिमको संक्षिप्त कार्ययोजना

३. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी -१

४. तालिम, शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपीहरु

५. वैदेशिक रोजगारबाट फर्केको भए सो विवरण खुल्ने कागजात

६. फर्म/समूह/समिति/सहकारी दर्ताको प्रतिलिपी

७. समूह/समिति/सहकारीको हकमा संस्थाका सदस्यहरुले परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यन्वयन गर्ने प्रविद्धताको निर्णयको प्रतिलिपी, जग्गाको धनीपूर्जको प्रतिलिपी/लिजमा भए कम्तीमा ५ वर्षको लिज पेपरको प्रतिलिपी

विस्तृत जानकारीका लागि पशुपंक्षी तथा मत्य विकास शाखा फोन नं. ९८४२६३९५९२ मा सम्पर्क गर्नुहुन ।

अनुसूची २

## बाख्रा प्रबर्द्धन कार्यक्रमका लागि दिइने आवेदन पत्र (नमुना)

श्रीमान प्रमुखज्यू

विर्तामोड नगरपालिका, झापा ।

**विषय : बाख्रा प्रबर्द्धन कार्यक्रम उपलब्ध गराइ दिने बारे ।**

महोदय,

यस विर्तामोड नगरपालिकाको मिति २०७९।............. गते प्रकाशित सूचना अनुसार यस समूह/समिति/सहकारी संस्थाले बाख्रा प्रबर्द्धन कार्यक्रम सञ्चालन गर्न निम्नानुसार कागजात सहित निवेदन गरेका छौं । कार्यक्रम सञ्चालनको लागि प्राप्त अनुदान सदुपयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

**संलग्न कागजातहरु**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी
२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना
३. कृषक समूह/समिति/सहकारी/निजी संस्थाको दर्ता प्रमाण पत्र र सहकारी संस्थाको हकमा सम्वन्धित व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धताको निर्णयको प्रतिलिपी
४. वैदेशिक रोजगारबाट फर्केको भए सो विवरण खुल्ने कागजात
५. तालिम शैक्षिक योग्यता प्रमाण पत्र को प्रतिलिपी
६. जग्गा धनीपूर्जाको प्रतिलिपी/लिज पेपरको प्रतिलिपी
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

निवेदक
दस्तखत:
नाम :
पद :
ठेगाना :
मिति :
फोन नं :
संस्थाको छाप :

अनुसूची ३

## संक्षिप्त कार्ययोजनाको ढाँचा (नमुना)

१. व्यवसायको परिचय :

२. उद्देश्य तथा महत्व :

३. कार्यक्रम शुरु गर्ने मिति :

४. कार्यक्रम सम्पन्न हुने मिति :

५. विद्यमान भौतिक तथा अन्य पूर्वाधर :

- बाखापालन गरेको विवरण :
- खोरको अवस्था :
- निजी वा लिजमा लिएको जग्गाको क्षेत्रफल :
- घाँस खेती गरिएको विवरण :
- व्यवसायको लागि आवश्यक जनशक्तिको व्यवस्था :

६. सहकार्यमा सञ्चालन गरिने कार्य विवरण :

| क्र.सं. | सञ्चालन गरिने कृयाकलाप | अनुदान सहयोग | निजी लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

७. उत्पादिन वस्तुको बजार :

८. अपेक्षित वार्षिक प्रतिफल :

९. व्यवसाय सञ्चालन गरिने स्थानको विवरण :

फर्म/समूह/समिति/सहकारीको नाम :

ठेगाना

वडा नं. :

न.पा. :

जिल्ला :

सम्पर्क नं :

दस्तखत :

संस्थाको छाप

मिति

अनुसूची ४

## बाखा प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि छनोट गर्दा अपनाइने मूल्यांकनका आधारहरु

| क्र.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | कार्ययोजना | सम्भाव्यता तथा उपयुक्तता | अनुभव/ तालिम/ शैक्षिक योग्यता | पालिएका बाख्रा संख्या | घाँस लगाएको क्षेत्रफल | विदेशबाट फर्केको | कुल प्राप्तांक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३० | २५ | १० | १० | २० | ५ | १०० |
| | | | | | | | | | | |

छनोट समितिका पदाधिकारीहरु/मूल्यांकनकर्ताको :

नाम, थर : नाम, थर : नम, थर :

पद : पद : पद : पद :

दस्तखत : दस्तखत : दस्तखत :

मिति : मिति : मिति :

अनुसूची ५

## बाखा प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि गरिने द्विपक्षीय सम्झौता पत्र (नमुना)

विर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखाको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम बाखा प्रबर्द्धन कार्यक्रम सञ्चालन गर्न विर्तामोड नगरपालिका पुशपंक्षी तथा मत्स्य विकास शाखा (यसपछि प्रथम पक्ष भनिने) तथा छनोट भएको फर्म/समूह/समिति/सहकारी ........ ............ (यसपछि दोस्रो पक्ष भनिने) बिच तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही कार्यक्रम सम्पन्न गर्न द्विपक्षीय सम्झौता भएको छ ।

तपसिल

१. प्रथम पक्षले दोस्रो पक्षलाई व्यवसाय सञ्चालनका लागि कार्ययोजना अनुसार २ किश्तामा अनुदान रकम उपलब्ध गराउनेछ । पहिलो किश्ता कार्ययोजना अनुसारको ५० प्रतिशत कार्य सम्पन्न भएपछि र दोस्रो किश्ता स्थलगत अनुगमनको प्रतिवेदन एवं सम्बन्धित वडा कार्यालयको कार्य सम्पन्नताको सिफारिस पत्रको आधारमा मनासिब ठहरे दोस्रो पक्षको बैंक खातामा भुक्तानी दिनेछ ।

२. प्रथम पक्षबाट प्राप्त अनुदान सहयोगलाई दोस्रो पक्षले कम्तीमा पनि ५ (पाँच) वर्षसम्म मास्न र दुरुपयोग गर्न पाउने छैन र त्यसो गरेको पाइएमा निजबाट सो रकम प्रचलित कानुन बमोजिम असुल उपरको लागि कारवाही चलाइनेछ ।

३. प्रथम पक्षले व्यवसायलाई सफल पार्न नियमित रुपमा व्यवसायको अनुगमन गर्नेछ ।

४. दोस्रो पक्ष (कृषक फर्म/समूह/समिति/सहकारी) ले प्रत्येक ४ महिनामा सम्बन्धित शाखा (प्रथम पक्ष) समक्ष प्रगति विवरण बुझाउनु पर्नेछ ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा परी आउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

६. यस सम्झौतामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| दोस्रो पक्ष | प्रथम पक्ष |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| संस्थाको छाप : | कार्यालयको छाप : |

रोहवर

| | |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |

पद : पद :

इति सम्वत २०..... साल ........ महिना ........ गते रोज ...... शुभम् ।

अनुसूची ६

## बाखा प्रवर्द्धन कार्यक्रम सञ्चालनको प्रगति विवरण पठाउने फाराम

१. फर्म/समूह/समिति/सहकारीको नाम :

सम्पर्क नम्बर :

ठेगाना : गाउँ/टोल : वडा नं. : न.पा. :

जिल्ला :

२. प्रगति प्रतिवेदन अवधि : वार्षिक/अर्धवार्षिक/चौमासिक

| क.स. | विवरण | इकाइ | परिमाण |
|---|---|---|---|
| १ | बाखाको स्टक विवरण | | |
| | माउ बाखा | | |
| | पठेक्री | | |
| | बोका | | |
| | पाठा | | |
| | पाठी | | |
| २ | घाँस लगाएको क्षेत्रफल | क्षेत्रफल | |
| ३ | खोर निर्माण/सुधार | वर्गा मिटर | |

विक्री विवरण

| क.स. | विक्री विवरण | इकाई | परिमाण | विक्रीबाट प्राप्त रकम | जिउँदो तौल (के.जी) |
|---|---|---|---|---|---|
| १ | माउ बाखा | | | | |
| २ | पठेक्री | | | | |
| ३ | वोका | | | | |
| ४ | पाठा | | | | |
| ५ | पाठी | | | | |

३. आइपर्ने बाधा अड्चनहरु :

४. समाधानका लागि सुझावहरु :

संस्थाको छाप

फर्म/समुह/समिति/सहकारीको तर्फबाट

नाम :

पद :

ठेगाना :

हस्ताक्षर :

मिति :

आज्ञाले
विनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत